# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- ०४**

मिति २०८०।०२।२१

## छलफल तथा निर्णय

निर्णयहरु

१. भौतिक पुर्वाधार विकास मन्त्रालयका माननीय मन्त्री र सचिवसँग मन्त्रालयको चालु आ.व. ०७९।०८० को स्विकृत कार्यक्रम कार्यान्वयनको अवस्था स्पष्ट पार्ने गरी हालसम्मको प्रगति विवरणका सम्बन्धमा समितिका माननीय सदस्यज्युहरुले जानकारी लिनुभयो ।

२. भौतिक पुर्वाधार विकास मन्त्रालयका सचिवज्युबाट समग्र प्रदेशको बजेट कार्यान्वयनको वस्तुस्थिति, गत वर्षको बार्षिक बजेटबाट सिर्जना भएको अनिवार्य दायित्व र त्यसले आगामि आ.व. को बजेटमा पार्ने प्रभाव तथा आगामी बजेटको अनुमानित खाका, बजेटमा तयारीका साथै विगतमा स्विकृत भएका ठुला योजनाहरुको समिक्षा हुन आवश्यक रहेको लगायतका विषयवस्तु प्रस्तुत भएपश्चातको छलफलमा समितिका माननीय सदस्यहरुले भाग लिनुभयो । छलफल समाप्त भएपश्चात समितिका ज्येष्ठ सदस्यज्यूले निर्वाचन क्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठीमार्फत स्थानीय तह र प्रदेश सभा सदस्यहरुसँगको सहकार्यमा ल्याईएका योजना छनौट प्रभावकारी बनाउन विगतमा सुनिएका केही कमजोरीहरुलाई सच्याई आगामी बजेटमा मुलुकको वर्तमान आर्थिक अवस्थालाई मध्यनजर गर्दै टुक्रे र साना योजना भन्दा पनि प्रदेश गौरवका महत्वपुर्ण तथा आवश्यकता बमोजिमका योजना छनौट गर्न र बाह्य तत्वको घुसपैठ हुन नदिन उच्च सतर्कता अपनाउन निर्देशन दिनुभयो।